**सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पोखरा ८, कास्की

१४ औ बार्षिक साधारणसभामा प्रस्तुत आ.व. २०६९/०७० को
लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, सल्लाहकारज्यूहरु, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, महिला परिचालन उपसमिति लगायत बिभिन्न उपसमितिका पदाधिकारीज्यूहरु तथा उपस्थित सम्पूर्ण सेयर सदस्य महानुभावहरु,

यस सहकारी संस्थाको यो गरिमामय १४ औं बार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक अभिवादन गर्दै लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले यो बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस कार्यकालमा हामीले संस्थामा भएको आर्थिक गतिविधि, ऋण प्रवाह प्रक्रिया तथा कागजातहरुको हरेक महिनामा बैठक बसी सोको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने गरेका छौं । सो लेखापरीक्षण गर्दा देखिएका कुराहरु बुँदागत रुपमा राख्न चाहान्छु ।

1. संस्थाको लेखा प्रणाली दोहोरो लेखा प्रणाली अन्तर्गत FINSYS सफ्टवयर प्रयोगगरी कप्युटरमा लेखा राखिएको र उक्त सफ्टवयरमा सहकारीको मान्यता अनुसार ४ खाताको उल्लेख हुने भएको हुंदा Manual Record हटाईएको छ ।
2. संस्थाले दैनिक कारोवारको लेखा कम्प्युटरमा प्रविष्टगरी कारोवार समाप्ति पश्चात कम्प्युटरमा भएको Data लाई Portable Hard Disk मा Back up गरी प्रबन्धक सञ्चालकले सुरक्षित साथ कार्यालयभन्दा छुट्टै स्थानमा राख्ने गरेको छ ।
3. संस्थाले समय सापेक्ष बचत तथा ऋणमा व्याजदर परिवर्तनगरी लागु गरेको छ । यसरी बचत तथा ऋणमा व्याज गणना गर्दा बर्षको ३६५ दिनलाई आधार मानी दैनिकरुपमा गणना गरी लिने दिने गरेको छ ।
4. संस्थाले नगद प्राप्तिको आधारमा ऋणको व्याजलाई आम्दानी बाध्ने गरेको र निक्षेपको व्याज त्रैमासिक रुपमा खर्च लेखि सम्बन्धित निक्षेप खाता वा दिनुपर्ने व्याज हिसाबमा लेखाङ्कन गर्ने गरिएको छ ।
5. संस्थाले आफ्नो बार्षिक अनुमानित आयको तिर्नुपर्ने अनुमानित कर किस्ता बन्दीरुपमा र निक्षेपमा दिएको व्याजमा कट्टी भएको श्रोतकर र अन्य भुक्तानीमा कट्टी भएको श्रोतकर समय भित्रै राजश्व कार्यालयमा दाखिला गर्ने गरेको छ ।
6. संस्थाले सदस्यहरुलाइ कुनै भेदभाव नगरेको र सम्पूर्ण बचत तथा ऋण कारोवार आफ्ना सदस्यहरुमा मात्र गरेको छ ।
7. संस्थामा नयाँ प्रवेश गर्ने सदस्यलाई २ जना सदस्यको सिफारिसको आधारमा सदस्य बनाउने प्रावधान रहेकोमा केहि सदस्यहरुको आवेदन फर्ममा सिफारिस गर्ने सदस्यहको दस्तखत छुटेको पाईयो र यसरी बनाईएको सदस्यहरुको अनुमोदन प्रत्येक महिनामा बस्ने संचालक समितिको बैठकले गर्ने गरेको छ ।
8. ऋण प्रवाह गर्दा रु.१० लाखसम्म प्रबन्ध सञ्चालकको अख्तियारीमा र सोभन्दा बढिको रकम ऋण उपसमितिको सिफारीसको आधारमा प्रवाह गर्ने गरेको र यसरी प्रवाह गरिएका सबै ऋण सोभन्दा पछि बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गरेको ।
9. सहकारी बिभागको निर्देशनानुसार संस्थाले वार्षिक रुपमा **PEARLS** Analysis गरिराखेको र यसबाट प्राप्त अधिकांस सूचाङ्कले संस्थाको स्थिति सन्तोषजनक देखाएको छ ।
10. संस्थाको संचालक समितिको बैठक नियमानुसार महिनामा एकपटक बस्ने गरेको र ऋण उपसमितिको बैठक आवश्यकताअनुसार बस्ने गरेको छ ।
11. संस्थाको निक्षेप, ऋण प्रवाह तथा ऋण असुली साथै कारोवारको आकार पनि बढेको छ । तथापि ऋण बृद्धिदरभन्दा निक्षेप बद्धिदर बढि रहेको छ ।
12. संस्थाले यस बर्ष पनि अवलोकन भ्रमण राखेको भएतापनि कतै भ्रमणमा लगेको देखिएन । विगत वर्षमा अन्य जिल्लाका केही सहकारीको अवलोकन भ्रमणमा लगेकोले त्यसबाट संस्थामा सकारात्मक प्रभाव परेको बुझिएकोले आगामी बर्ष अन्य सदस्यहरुलाई पनि क्रमशः विभिन्न सहकारी संस्थाहरुमा अवलोकन भ्रमणमा लैजानु पर्ने ।
13. ऋण प्रवाह गरिएका फाईल अध्ययन गर्दा केही ऋण माग निबेदनमा ऋणीको दस्तखत छुटेको, केही ऋण तमसुकमा ऋणीको दस्तखत छुटेको, केही तमसुकहरुमा साक्षीहरु उल्लेख गर्न छुट भएको, केहीलाई थप ऋण दिने बारेमा ऋण टिप्पणी तथा ऋण स्वीकृत पत्र नबनाएको भएता पनि पछि सुधार गरेको पाईयो । ऋण नविकरण गर्दा ऋणीको बिगतको आर्थिक कृयाकलाप सहित टिप्पणी उठाई राख्न, धितो रहेको अचल सम्पत्तिको तिरो तिरेको रसिद, ऋणीसँग सम्बन्धित फर्म भएमा फर्म दर्ता नविकरण कागजातहरु लिई राख्नुहुन भनी दिईएको सुझावअनुसार गर्ने गरेको पाईयो । समग्ररुपमा हेर्दा ऋण प्रक्रियागत रुपमा प्रवाह गरेको पाईयो ।
14. केही निक्षेपकर्ताहरुको निक्षेपखाताबाट रकम भुक्तानी दिएको सम्बन्धित भौचरमा दस्तखत नभएको र सो बारेमा बुझ्दा निक्षेपकर्ताहरुले पछि दस्तखत गरिदिने भन्दै संस्थामा फोनबाट कुरागरी निजहरुको निक्षेप खाताबाट रकम भुक्तानी दिन अनुरोध गर्नुभएअनुसार संस्थाले रकम भुक्तानी दिएको बुझिएको । लामो समयसम्म पनि सम्बन्धित केही निक्षेपकर्ताहरुले सम्बन्धित भौचरहरुमा दस्तखत नगरेको पाईएकोले दस्तखत गर्न छुट भएका ती सबै निक्षेपकर्तालाई संस्थामा वोलाई सम्बन्धित भौचरहरुमा दस्तखत गराई नियमित गराई राख्नुहुन ।
15. उपरोक्त अलावा केही सुझावको रुपमा निम्न बुँदा पेश गर्दछौ ।
    - क) ऋणिको मागअनुसार ऋण रकम थप गर्दा तत्कालिन ऋण, हालको थप ऋण र कूल ऋणको लिमिट खुल्नेगरी टिप्पणी तथा आदेशमा उल्लेख गर्नुहुन ।
    - ख) सहकारी मापदण्डअनुसार संस्थाको सदस्य बनेको ३ महिना भएपछि मात्र सेयरधनीहरुलाई ऋण प्रवाह गर्नुहुन ।
    - ग) ऋण लिने सदस्यको एकाघर परिवार (श्रीमान्/श्रीमती, छोरा/छोरी आदि) संस्थाको सदस्य नभएपनि निजहरुबाट व्यक्तिगत धनजमानत लिई रहेकोमा अववाट सोको अलावा संस्थाको सदस्यबाट अनिवार्यरुपमा ब्यक्तिगत जमानत लिई राख्नुहुन । धनजमानी दिने व्यक्तिको संस्थामा सेयर लगानी तथा डिपोजिटको अवस्था हेरेर मात्र धनजमानी लिनुहुन ।
    - घ) सेयर, निक्षेप तथा ऋणसँग सम्बन्धित कागजातहरुमा छुट भएका दस्तखतहरु निश्चित समयावधिमा नै नियमित गराई राख्न हुन ।
    - ङ) नयाँ सदस्य बन्न ईच्छुक व्यक्तिलाई सदस्यता प्रदान गर्दा निजको आर्थिक चरित्र, कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण लिएर मात्र प्रदान गर्नुहुन ।

शेयर सदस्य महानुभावहरु,

हामीले संस्थाको लेखा प्रणालीको मात्र लेखापरीक्षण नगरी अन्य नीति नियम र नियमावलीको पालना भए/नभएको, कार्यालयको भौतिक अवस्था आदिको पनि अध्ययनगरी सो सम्बन्धि विषयमा समेत यस प्रतिवेदनमा औल्याएका छौं । केही औल्याएका बुँदाहरु सञ्चालक समिति तथा कार्यालय

व्यवस्थापनबाट छिट्टै लागु गर्नेछ भन्नेमा हामी आशावादी छौं । अन्तमा सबैको सुखद भविष्यको कामना गर्दै यस लेखा सुपरिवक्षेण समितिको प्रतिवेदन यस सम्मानित सभामा अनुमोदनको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

प्रस्तोता

उत्साहकान्त मैनाली
संयोजक
लेखा सुपरिवेक्षण समिति